# प्राइम कमर्सियल बैंक लि.

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।**
आर्थिक वर्ष २०७७/७८ को **प्रथम त्रैमासिक** विवरण

१. **निकायको स्वरुप र प्रकृति**
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार संचालन गर्न नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजतपत्रप्राप्त बैंक ।

२. **निकायको काम कर्तव्य र अधिकारः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र बैंकको प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था भए बमोजिमका काम कर्तव्य र अधिकारहरु रहनेछ ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**
बैंकमा कार्यरत कर्मचारी संख्या (२०७७ आश्विन मसान्तसम्म) १४६४ रहेको छ । बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । कार्यकारी प्रमुख लगायत व्यवस्थापन समूहको बिवरण सूचना तथा जानकारीका लागि बैंकको वेबसाईट www.primebank.com.np मा राखिएको छ ।

४. **निकायबाट प्रदान गरिने सेवाः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गका इजाजतपत्रप्राप्त बैंकले दिने भनि उल्लेख गरिएका सम्पूर्ण बैंकिङ्ग सेवा तथा सुविधाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
बैंकको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु बैंकको वेबसाईट www.primebank.com.np मा राखिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**
बैंकले प्रदान गर्ने विभिन्न प्रकारका सेवाहरुको शुल्क तथा सो सम्बन्धि आवश्यक अन्य सम्पूर्ण विषय वस्तुहरुको सूचना तथा जानकारी बैंकको वेबसाइट www.primebank.com.np मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :**
बैंकिङ कारोबारका सम्बन्धमा गर्नुपर्ने आवश्यक निर्णयहरु अधिकार प्रत्यायोजन गरि तोकिएका अधिकारीहरु मार्फत गर्न सक्ने व्यवस्था अवलम्बन गरिएको छ र अन्तिम निर्णयकर्ताको रुपमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समितिले कार्य गर्ने व्यवस्था गरिएको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
बैंकको कारोबार तथा यसले प्रदान गरेको सेवा सम्बन्धमा ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नकालागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । निजको नाम तथा ठेगाना देहाय बमोजिम रहेको छ :

प्रशान्त राज डंगोल,
निमित्त सहायक महाप्रवन्धक
प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौं ।
फोन नं ०१-४४२३४३२/४४२३४३३/४४२३४३६/४४२३२१५ इमेल : prashant.dangol@pcbl.com.np

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गका बैंकहरुले गर्नसक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन भइरहेको छ ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

**क) बैंकको सूचना अधिकारीको नाम र पद :**
श्री अमृत चरण श्रेष्ठ
प्रमुख सूचना अधिकृत
पद : महाप्रबन्धक,
फोन नं ०१-४४२३४३२/४४२३४३३/४४२३४३/४४२३२१५, इमेल : information.officer@pcbl.com.np

**ख) बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र पद :**

श्री नारायण दास मानन्धर
प्राइम कमर्सियल बैंक लि., रजिष्टर्ड कार्यालय कमलपोखरी, काठमाडौं ।
फोन नं.०१-४४२३४३२/४४२३४३३/४४२३४३६,फ्याक्स नं : ०१-४४२५९५५, इमेल:info@pcbl.com.np

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
बैंकले व्यवसाय संचालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्ने गरेको छ :
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. विनिमय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
११. उल्लिखित ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ।
१२. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिका एवं परिपत्रहरु ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक वित्तीय विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै यस्तो विवरण बैंकको वेबसाईट www.primebank.com.np मा समेत राखिएको छ ।

१३. **तोकिए बमोजिमको अन्य विवरण :** नभएको ।

**१४. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :**

**क.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**
यस बैंकले नियमित बैंकिङ्ग कारोबार बाहेक अन्य कुनै बिशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

**ख. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण :**
यस बैंकको एक आधिकारीक वेबसाईट रहेको र सो को नाम www.primebank.com.np रहेको छ ।

**ग. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**

बैंकको वार्षिक प्रतिवेदन पुस्तकको रुपमा प्रकाशन गरि बैंकको वेबसाईटमा समेत प्रकाशन गर्ने गरिएको छ । साथै बैंकको आवधिक वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेबसाईट मार्फत जानकारीको लागि प्रकाशन गर्ने गरिएको छ ।

**मिति : २०७७/०७/२०**